जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २५८ • २०८३ असार २४ गते बुधवार • 8 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# जिल्ला सभाले देखायो समृद्ध महोत्तरीको मार्ग, तर जनप्रतिनिधिको न्यून उपस्थितिले उठायो प्रश्न: रामप्रसाद लुइँटेल

रामप्रसाद लुइँटेल
जलेश्वर, २३ असार




संविधानले स्थानीय तहहरूबीच समन्वय, सहकार्य र साझा विकासको परिकल्पना गरेको जिल्ला सभाको मर्मलाई आत्मसात् गर्दै जिल्ला समन्वय समिति महोत्तरीको आयोजनामा नवौं जिल्ला सभा सम्पन्न भएको छ। जिल्ला समन्वय समिति प्रमुख सुमनकुमार लाल कर्णको अध्यक्षतामा सम्पन्न सभाले जिल्लाको समग्र विकास, सुशासन, वातावरण संरक्षण, सेवा प्रवाह, कृषि, वित्तीय अनुशासन तथा अन्तरपालिकागत सहकार्यका विविध आयाममा केन्द्रित १९ वटा महत्वपूर्ण निर्णय पारित गरेको छ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका प्रमुख, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सञ्चारकर्मी तथा विभिन्न सरोकारवालाको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन जिल्ला समन्वय अधिकारी रामप्रसाद लुइटेलले गर्नुभएको थियो। उहाँले जिल्ला सभाको संवैधानिक महत्व, उद्देश्य तथा कार्यसूचीलाई व्यवस्थित रूपमा प्रस्तुत गर्दै कार्यक्रमलाई समयबद्ध र प्रभावकारी ढङ्गले सञ्चालन गर्नुभयो। जिल्ला समन्वय समितिले कार्यक्रम व्यवस्थापनमा देखाएको तयारी प्रशंसनीय रह्यो। सभाहल व्यवस्थापन, ध्वनि प्रणाली, जेनेरेटर, कुलर, चिसोपानी, प्रस्तुतीकरणको प्राविधिक व्यवस्था तथा समग्र सञ्चालनले कार्यक्रमलाई गरिमामय बनाएको सहभागीहरूको भनाइ थियो। औरही नगरपालिका र रामगोपालपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरूले विकास निर्माण, सेवा प्रवाह, चुनौती र असल अभ्यासबारे प्रतिनिधिमूलक प्रस्तुतीकरण गर्दै अन्तरपालिकागत सिकाइको आवश्यकता औंल्याउनुभयो । यद्यपि, जिल्ला सभाको अर्को पाटोले भने गम्भीर चिन्ता जन्माएको छ। जिल्ला सभाका सदस्य रहेका अधिकांश पालिका प्रमुख तथा उपप्रमुखहरूको उपस्थिति अपेक्षाकृत न्यून रहँदा संविधानले परिकल्पना गरेको यस महत्वपूर्ण समन्वयात्मक मञ्चको गरिमामाथि प्रश्न उठेको महसुस गरिएको छ। स्थानीय सरकारका निर्वाचित प्रतिनिधिहरू जनताको सबैभन्दा नजिकको तहका शासक मात्र होइन, साझा विकासका नेतृत्वकर्ता पनि हुन्। त्यसैले जिल्लाको विकास, फोहोर व्यवस्थापन, नदीजन्य पदार्थको व्यवस्थापन, शिक्षा, स्वास्थ्य, कृषि, विपद् व्यवस्थापन, सुशासन र सेवा प्रवाहजस्ता विषयमा हुने सामूहिक छलफलमा उनीहरूको सक्रिय सहभागिता अपेक्षित रहन्छ । महोत्तरी अहिले फोहोर व्यवस्थापनको जटिलता, नदी कटान, बाढी-डुबान, भूमिगत जलको घट्दो सतह, कृषि क्षेत्रमा रासायनिक विषादीको बढ्दो प्रयोग, सार्वजनिक खरिद व्यवस्थापन, बेरुजु, सीमित स्रोत-साधन र सेवा प्रवाहका चुनौतीसँग जुधिरहेको जिल्ला हो ।

यस्ता साझा समस्याको समाधान कुनै एक पालिका वा कार्यालयबाट सम्भव छैन । त्यसका लागि साझा सोच, साझा योजना र साझा प्रतिबद्धता आवश्यक हुन्छ, जसको प्रभावकारी माध्यम जिल्ला सभा नै हो । यसपटक पारित भएका निर्णयहरूले भूजल पुनर्भरण प्रणाली विस्तार, स्थानीय कानुनहरूको व्यवस्थित अभिलेखीकरण र स्थानीय राजपत्रमा प्रकाशन, प्राङ्गारिक कृषि प्रवर्द्धन, वित्तीय अनुशासन, डिजिटल सेवा विस्तार, वातावरण संरक्षण, नदीजन्य पदार्थको कानुनसम्मत व्यवस्थापन तथा अन्तरपालिकागत समन्वयलाई प्राथमिकतामा राखेका छन् । यी निर्णयहरूको प्रभावकारी कार्यान्वयन हुन सके महोत्तरीको विकास यात्राले नयाँ गति लिन सक्ने विश्वास गरिएको छ ।

जिल्ला सभा केवल बैठकको औपचारिकता होइन, भविष्यको दिशा तय गर्ने साझा मञ्च हो। निर्णयहरू कागजमा सीमित नभई व्यवहारमा रूपान्तरण भए मात्र तिनको सार्थकता स्थापित हुन्छ। त्यसका लागि जिल्ला समन्वय समिति, स्थानीय तह, जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला सबै पक्षको समान प्रतिबद्धता आवश्यक छ । लोकतन्त्रमा जनताको विश्वासले प्राप्त पद जिम्मेवारीसँग जोडिएको हुन्छ। विकासका साझा मुद्दामा संवाद, समन्वय र सहकार्यलाई प्राथमिकता दिन सके मात्र "समृद्ध महोत्तरी"को परिकल्पना व्यवहारमा रूपान्तरण हुन सक्छ। नवौं जिल्ला सभाले त्यो सम्भावनाको मार्ग त देखाएको छ, अब त्यसलाई गन्तव्यसम्म पुऱ्याउने दायित्व सबै पक्षको काँधमा समान रूपमा आएको छ ।




# श्रमसम्बन्धी कानुनी व्यवस्था कार्यान्वयनको अवस्था बुझ्न अनुगमन

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २३ असार



श्रम तथा रोजगार कार्यालय जनकपुरधामले निजी व्यापारिक प्रतिष्ठान, शैक्षिक संस्था तथा अस्पतालहरूमा श्रमसम्बन्धी कानुनी व्यवस्था कार्यान्वयनको अवस्था बुझ्न अनुगमनलाई तीव्र बनाएको छ ।

कार्यालयले पछिल्लो समय जनकपुरधामभित्रका निजी अस्पतालहरूमा विशेष निगरानी थालेको छ । सोही क्रममा मंगलबार जनकपुरधाम-१ स्थित धनुषा अस्पतालमा अनुगमन गरिएको हो । श्रम तथा रोजगार कार्यालयका निमित्त प्रमुख रञ्जित [illegible] अनुसार अनुगमनका क्रममा कर्मचारीले न्यूनतम पारिश्रमिक पाए/नपाएको, रोजगार सम्झौता गरिएको अवस्था, सामाजिक सुरक्षा कोषमा आबद्धता तथा श्रम ऐनको पालना भए/नभएको विषयमा व्यवस्थापन र कर्मचारीसँग छलफल गरिएको छ ।

उनले अनुगमनका क्रममा देखिएका कमजोरीबारे सम्बन्धित प्रतिष्ठानलाई आवश्यक सचेत गराउने, सुधारका लागि निर्देशन दिने तथा अटेर गरे कानुनी कारबाहीका लागि सिफारिस गर्ने प्रक्रिया अपनाइने बताए। कार्यालयले यसअघि जनकपुरधामस्थित काव्या अस्पतालमा पनि अनुगमन गरेको थियो ।



जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय……………………

# धर्तीलाई सितलता र सुरक्षित राखौं

*गर्मीमा खुकुलो, सुतीको र हल्का रङको कपडा लगाउनु उपयुक्त हुन्छन्। दिउँसोको कडा घाममा (बिहान १० देखि बेलुका ४ बजेसम्म) बाहिर निस्किने कामलाई कम गर्ने कोसिस गर्नुपर्छ। यस मौसममा गर्भवती महिला अलमलमा पर्ने, अत्यधिक पसिना आउने वा पसिना आउनै बन्द भई शरीर तातो हुने, चक्कर लाग्ने, टाउको दुख्ने वा बान्ता हुने भयो भने 'हिट स्ट्रोक' वा लू लागेको हुन सक्छन्। यस्तो बेला तुरुन्तै उनलाई शीतल वा छहारी भएको ठाउँमा लैजाने र कपडा खुकुलो पारिदिनुपर्छ। भिजेको चिसो कपडाले पूरै शरीर पुछिदिने (स्पन्जिङ गर्ने), होसमा भए बिस्तारै पानी वा जीवनजल दिने, तर बेहोस हुन थालेमा मुखमा केही पनि दिनु हुँदैन। अनि, ढिलो नगरी तुरुन्तै नजिकैको अस्पताल वा चिकित्सककहाँ पुऱ्याउनुपर्छ।*


*धर्तीलाई सुरक्षित राख्न सकेनौं, यो तात्तिँदै छन्। यसको मूल्य हाम्रा आमाहरूले र तिनको गर्भभित्र हुर्किँदै गरेको भोलिको भविष्यले चुकाउनु परिरहेका छन्। जलवायु परिवर्तन अब एउटा प्राज्ञिक बहसमात्र होइन, यो हाम्रै घरको कोक्रोभित्र छिरेको अदृश्य महामारी रहेको छन्। यो बढ्दो तापक्रमको राप, पिसाबको संक्रमण र गलत खानपानको जोखिमबाट घरका गर्भवतीलाई जोगाउनु आज प्रत्येक श्रीमान् र परिवारको पहिलो धर्म रहेका छन्। प्रकृतिसँग लड्न त हामी सक्दैनौं, तर बदलिँदो प्रकृति अनुसार आफ्नो घरको गर्भलाई शीतलता र सुरक्षा दिन हामी पक्कै सक्छौं।*

# 'अपन जनकपुरधाम' स्थानीय पाठ्यक्रम लागू

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २३ असार

जनकपुरधाम उपमहानगरपालिकाले कक्षा १ देखि ८ सम्मका विद्यार्थीका लागि मातृभाषा मैथिलीमा तयार गरिएको 'अपन जनकपुरधाम' स्थानीय पाठ्यक्रम लागू गरेपछि त्यसको चौतर्फी स्वागत हुन थालेको छ।

भाषा, साहित्य तथा शिक्षा क्षेत्रमा सक्रिय संस्थाहरूले यसलाई स्थानीय भाषा, संस्कृति र पहिचान संरक्षणतर्फको ऐतिहासिक तथा दूरदर्शी निर्णयको रूपमा व्याख्या गरेका छन्। विगत लामो समयदेखि मैथिली भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा सक्रिय मिथिला नाट्यकला परिषद् (मिनाप) ले एक विज्ञप्ति जारी गर्दै जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साह, पाठ्यक्रम निर्माणमा संलग्न विज्ञ, लेखक, अनुवादक तथा सम्पूर्ण नगर परिवारलाई धन्यवाद तथा बधाई ज्ञापन गरेको छ।



जि.प्र.का. दर्ता नं. ११२/०४९/५० | स.क.प. आबद्धता नं. ४७७४ | पान नं. ३०२५५६७७७

रूप रंग जाति धर्म नाममे अनेक छी, मैथिलीक नाम पर मैथिल हम एक छी।

मिथिला नाट्यकला परिषद
(मिनाप)
रामचौक, जनकपुरधाम-४
स्था. २०३६

Mob. 9854021492, 9844052275

पत्र संख्या :-
चलानी नं. :-
मिति २०८३।०३।२२

जनकपुरधाम उपमहानगरपालिका द्वारा कक्षा-१ सँ कक्षा-८ धरि अपन मातृभाषा मैथिलीमे सहज, सरल, आ प्रभावकारी सिखाइ के लेल "अपन जनकपुरधाम" मैथिली पाठ्यपुस्तक निर्माण कार्यक सराहना करैत स्वागत करैत छी। उपमहानगरपालिका के मेयर श्री मनोज कुमार साह लगायत सम्पूर्ण उपमहानगरपालिका परिवार तथा पाठ्यक्रम निर्माण, एडिट, लेखन अनुवाद में भूमिका खेलनिहार सम्पूर्ण मान्यवरके २०३६ साल सँ अनवरत रूपँ मैथिली भाषा, साहित्य आ संस्कृति के विकास के लेल आवाज उठबैत आयल मिथिला नाट्यकला परिषद (मिनाप) जनकपुरधाम धन्यवाद दैत आ आभार व्यक्त करैत एहन स्वागतयोग्य काज होइत रहत से आशा आ विश्वास रखैत छी।

विष्णुकान्त मिश्र
महासचिव
एवं सम्पूर्ण मिनाप परिवार

हार्दिक आभार

जनकपुरधामको ऐतिहासिक, पुरातात्विक, भौगोलिक, धार्मिक, सामाजिक, सांस्कृतिकलगायत मौलिक पहिचानलाई समेटेर जनकपुरधाम उपमहानगरपालिकाले यसै शैक्षिक सत्रदेखि स्थानीय पाठ्यक्रम लागू गर्ने ऐतिहासिक निर्णयको लागि हार्दिक आभार व्यक्त गर्दछौं।

गौरवमय इतिहास बोकेको धार्मिक नगरी जनकपुरधामका आस्था, सद्भाव, रीतिरिवाज, मौलिक संस्कृति, चाडवर्प, जात्रा, मेला, सांस्कृतिक पहिचान, मिथिला सभ्यता झल्कने किसिमका यस्ता पाठ्यक्रम लागू गर्नाले आगामी पुस्तालाई आफ्नो संस्कृति र माटोप्रति असीम श्रद्धा हुने हुँदा हाम्रो गौरवमय इतिहास जीवित रहने कुरामा हामी विश्वस्त रहन सक्दछौं। दोस्रो भाषामा लेखिएका पाठ्यक्रमभन्दा आफ्नै मातृभाषामा लेखिएका पाठ्यक्रम पठनपाठन गर्न बालबालिकालाई सहज हुने हुँदा यस्तो एतिहासिक निर्णय गरेर जनकपुरधामलाई अझ व्यवस्थित तरिकाले आगामी पुस्ता र विश्वसामु चिनाउने कार्य गर्नु हुने जनकपुरधाम उपमहानगरपालिकाका मयेर श्री मनोज कुमार साहज्यू, प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख, पाठ्यक्रम निर्माणकर्ता लगायत सम्पूर्ण सरोकारवालाहरुमा हाम्रो संस्थागत विद्यालय/क्याम्पसको तर्फबाट हार्दिक आभार प्रकट गर्दछौं।

साथै, यो स्थानीय पाठ्यक्रमले पुर्णसफलता प्राप्त गरोस् भनी हार्दिक शुभकामना समेत व्यक्त गर्दछौं।

मिति : २०८३।०३।२३

हिसान | एन-प्याब्सन

परिषद्का महासचिव विष्णुकान्त मित्रद्वारा जारी विज्ञप्तिमा २०३६ सालदेखि निरन्तर मैथिली भाषा, साहित्य र संस्कृतिको विकासका लागि आवाज उठाउँदै आएको संस्थाले अब विद्यालय तहबाटै मातृभाषामा सहज, सरल र प्रभावकारी शिक्षणको वातावरण तयार भएको उल्लेख गरिएको छ। यस्ता रचनात्मक कार्य आगामी दिनमा पनि निरन्तर अघि बढ्ने विश्वास परिषद्ले व्यक्त गरेको छ। यस्तै, निजी विद्यालयहरूको छाता संगठन हिसान नेपाल तथा एन प्याब्सन आबद्ध संस्थागत विद्यालय तथा क्याम्पसहरूले पनि संयुक्त रूपमा आभार व्यक्त गरेका छन्। उनीहरूले जनकपुरधामको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पहिचान समेटिएको स्थानीय पाठ्यक्रम लागू गर्ने निर्णयलाई आगामी पुस्तालाई आफ्नै माटो, सभ्यता र संस्कृतिसँग जोड्ने महत्वपूर्ण पहलका रूपमा लिएका छन्। संस्थाहरूका अनुसार आफ्नै मातृभाषामा तयार गरिएका पाठ्यपुस्तकबाट अध्ययन गर्दा बालबालिकाले विषयवस्तु सहज रूपमा बुझ्न सक्ने, स्थानीय ज्ञानसँग घुलमिल हुन सक्ने तथा भाषा संरक्षणमा समेत सकारात्मक योगदान पुग्ने विश्वास गरिएको छ। स्थानीय इतिहास, मिथिला सभ्यता, चाडपर्व, मेला, जात्रा, परम्परा र सांस्कृतिक सम्पदाबारे विद्यालय तहदेखि नै अध्ययन हुने भएकाले यसले जनकपुरधामको मौलिक पहिचानलाई दीर्घकालसम्म जोगाइ राख्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।

# यात्रुवाहक बस दुर्घटना हुँदा चालकसहित तीन जना घाइते

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २३ असार




धनुषाको धनुषाधाम नगरपालिका-९ धारापानीस्थित पूर्वपश्चिम लोकमार्गमा यात्रुवाहक बस दुर्घटना हुँदा चालकसहित तीन जना घाइते भएका छन्।

प्रहरीका अनुसार सोमबार राति करिब १ बजे काँकडभिट्टाबाट वीरगञ्जतर्फ जाँदै गरेको प्रदेश १-०१-००१ ख ३८४३ नम्बरको बस अनियन्त्रित भई सडकछेउ पल्टिँदा दुर्घटना भएको हो। इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार दुर्घटनामा बसमा सवार १४ जनामध्ये तीन जना घाइते भएका छन्। घाइते हुनेमा बस चालक झापाको मेचीनगर नगरपालिका-७ का ३५ वर्षीय सन्तुलाल चौधरी रहेका छन्।

चौधरीको शरीरका विभिन्न भागमा चोट लागेको र उनको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ। उनको जनकपुरधामस्थित साई ट्रमा सेन्टरमा उपचार भइरहेको छ। त्यस्तै, दुर्घटनामा भारत निवासी ४० वर्षीय सन्दीप पाठक र उनकी श्रीमती ३५ वर्षीया सुनिता क्षेत्री पनि घाइते भएका छन्। उनीहरूको धनुषाको वीरेन्द्रबजारस्थित कमलामाई अस्पताल मा उपचार भइरहेको प्रहरीले जनाएको छ।

दुर्घटनापछि सकुशल रहेका ११ जना यात्रुलाई अर्को बसको व्यवस्था गरी गन्तव्यतर्फ पठाइएको इलाका प्रहरी कार्यालय ढल्केबरले जनाएको छ। बस दुर्घटनाको कारणबारे प्रहरीले अनुसन्धान गरिरहेको छ। पछिल्लो समय पूर्वपश्चिम लोकमार्गमा तीव्र गति, चालकको लापरबाही तथा सडक अवस्थाका कारण सवारी दुर्घटना बढ्दै गएको देखिएको छ।

**सूचना । सूचना ।। सूचना ।।।**

आफ्नो व्यापार, व्यवसाय, उद्योग, कल-कारखाना, फर्म आदीलाई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गराई मात्र संचालन गरौं। राज्यप्रति ईमान्दारीता देखाऔं र ईमान्दार व्यक्तिको परिचय दिऔं।

**घरेलु तथा साना उद्योग कार्यालय**
**जनकपुरधाम धनुषा, मधेश प्रदेश**

## तपाईको टुडे

मेषः अनावश्यक खर्चको संभावना
वृषः पिछ्डेको साथी मिल्ने
मिथूनः लामो यात्राको योग छ
कर्कटः विचार गरेर बोल्नुहोला
सिंहः मित्रतामा फाटो आउने
कन्याः पढाईमा ध्यान दिनुपर्ने
तुलाः अशुभ समाचार प्राप्त हुने
वृश्चिकः खानपानमा समस्या आउने
धनुः अनावश्यक चिन्ता
मकरः मनमा पछुतो आउने
कूम्भः आम्दानी हुने
मीनः शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

##  आवश्यक टेलिफोन नम्बरहरु 

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर  पुजाआजा 

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# सेवाग्राही माथि हातपात गरेको भिडियो सार्वजनिक



**जलेश्वरटुडे समाचारदाता**
**बारा, २३ असार**

कार्यालयमै सेवाग्राही माथि हातपात गरेको भिडियो सार्वजनिक भएपछि यातायात व्यवस्था कार्यालय बाराका निमित्त कार्यालय प्रमुख चिन्तन आचार्यलाई जिम्मेवारीबाट हटाइएको छ । मधेश प्रदेश सरकारको श्रम तथा यातायात मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गर्दै आचार्यलाई मन्त्रालय तानेको हो । मन्त्रालयका सूचना अधिकारी सुनिल साहका अनुसार उनको स्थानमा बारा यातायात व्यवस्था कार्यालयका अधिकृत रामस्वार्थ महतोलाई निमित्त प्रमुखको जिम्मेवारी दिइएको छ ।

घटनाबारे अनुसन्धान प्रक्रिया जारी रहेको प्रहरीले जनाएको छ । धनुषा प्रहरीको समन्वयमा बारा प्रहरीले आचार्यलाई कार्यालयमा बोलाएर घटनाका विषयमा सोधपुछ गरिरहेको छ । हालसम्म उनलाई औपचारिक रूपमा नियन्त्रणमा भने लिइएको छैन । प्रहरीका अनुसार घटना गत फागुनको तेस्रो साातातिर कार्यालय प्रमुखको कार्यकक्षमै भएको थियो ।

अनुसन्धानका क्रममा कार्यालयका एक चौकीदारको समेत घटनामा संलग्नता देखिएको बताइएको छ । घटना हुँदा ट्राफिक प्रहरीका सई भानुभक्त आचार्यसहित दुई जना प्रहरीसमेत कार्यालय परिसरमा उपस्थित रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । सेवाग्राहीमाथि सरकारी कार्यालयभित्र भएको हातपातको भिडियो सार्वजनिक भएपछि घटनाको व्यापक आलोचना भएको थियो । त्यसपछि मन्त्रालयले प्रशासनिक कारबाही स्वरूप आचार्यलाई जिम्मेवारीबाट हटाउँदै मन्त्रालयमा तानेको हो ।

# निमित्त प्रमुख प्रशासकीय अधिकृत, तत्कालीन लेखा प्रमुख तथा ठेकेदार कम्पनीका सञ्चालकविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २३ असार**




रौतहटको गढीमाई नगरपालिकामा नदीजन्य पदार्थको ठेक्कासम्बन्धी राजस्व हिनामिना गरेको आरोपमा तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत, तत्कालीन लेखा प्रमुख तथा ठेकेदार कम्पनीका सञ्चालकविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गर्दै गढीमाई नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत शुभाष कुमार ठाकुर, तत्कालीन लेखा प्रमुख कामेश्वर सहनी तथा भाग्यमणी कन्स्ट्रक्सन कम्पनी प्रालि र कम्पनीका मुख्य व्यक्ति राधेश्याम साहविरुद्ध भ्रष्टाचार मुद्दा चलाएको हो । आयोगका अनुसार आर्थिक वर्ष २०७६/७७ मा गढीमाई नगरपालिकाले लक्ष्मीपुरदेखि धर्मपुरघाटसम्मको बालुवा, गिट्टी र ग्राभेल उत्खनन, संकलन, बिक्री तथा निकासी कार्यका लागि आन्तरिक आय ठेक्का आह्वान गरेको थियो । उक्त ठेक्का भाग्यमणी कन्स्ट्रक्सन कम्पनीले १ करोड ५ लाख रुपैयाँ मा सकार गरेको थियो ।

तर, सम्झौताअनुसार सम्पूर्ण रकम बुझाउनुपर्ने भए पनि कम्पनीले धरौटी मिलानसहित ४० लाख ५० हजार रुपैयाँ मात्रै जम्मा गरेको र ६४ लाख ५० हजार रुपैयाँ अझै बाँकी रहेकै अवस्थामा नगरपालिकाका जिम्मेवार अधिकारीहरूले सम्पूर्ण रकम बुझाइसकेको भनी गलत प्रतिवेदन तयार गरी ठेक्का सम्झौता गराएको अख्तियारको आरोप छ । अनुसन्धानका क्रममा ठेकेदारलाई कबोल रकमको १० प्रतिशत छुटसमेत गैरकानुनी रूपमा उपलब्ध गराइएको, साथै मूल्य अभिवृद्धि करबापत बुझाउनुपर्ने १३ लाख ६५ हजार रुपैयाँ समेत दाखिला नभएको पाइएको आयोगले जनाएको छ ।

अख्तियारका अनुसार ठेक्काको अवधिमा २२ हजार ४३५ घनमिटर नदीजन्य पदार्थ उत्खनन तथा निकासी गरिएको थियो । त्यसबाट ठेकेदार कम्पनीले १ करोड १० लाख ९१ हजार ३०३ रुपैयाँ १२ पैसा बराबरको आर्थिक लाभ लिएको देखिएको छ ।

आयोगले ठेक्का सम्झौताका शर्त, सार्वजनिक खरिद प्रक्रिया तथा प्रचलित कानुनविपरीत बदनियतपूर्वक कार्य गरी नेपाल सरकार तथा गढीमाई नगरपालिकालाई ७८ लाख १५ हजार रुपैयाँ बराबरको राजस्व नोक्सानी पुऱ्याइएको निष्कर्ष निकालेको छ । अनुसन्धानबाट रकम दाखिला नै नभएको अवस्थामा दाखिला भएको भनी गलत टिप्पणी र प्रतिवेदन तयार गरी ठेक्का स्वीकृत गरिएका कारण राज्यको राजस्व चुहावट भएको आयोगको दाबी छ । आरोपपत्रमा तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत ठाकुर र तत्कालीन लेखा प्रमुख सहनीमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत भ्रष्टाचारजन्य कसुर गरेको अभियोग लगाइएको छ । उनीहरूबाट ७८ लाख १५ हजार रुपैयाँ बिगो कायम गरी सोही बराबरको बिगो असुल, कानुनबमोजिम कैद तथा बिगोको दोब्बर जरिवानाको माग गरिएको छ । त्यस्तै, ठेकेदार कम्पनी भाग्यमणी कन्स्ट्रक्सन प्रालि तथा कम्पनीका मुख्य व्यक्ति राधेश्याम साहमाथि गैरकानुनी लाभ लिएको र मुख्य कसुरमा मतियार बनेको अभियोग लगाउँदै मुख्य कसुरदारसरह सजायको मागदाबी गरिएको आयोगले जनाएको छ ।

अख्तियारले सार्वजनिक स्रोत र प्राकृतिक सम्पदाको ठेक्का प्रक्रियामा अनियमितता गर्ने तथा राजस्व हिनामिना गर्ने कार्यमा संलग्न जो-कोहीलाई कानुनी दायरामा ल्याउने अभियानलाई निरन्तरता दिइने जनाएको छ ।

# १४ लाख रुपैयाँभन्दा बढी मूल्यका विभिन्न तस्करीका सामान बरामद



**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २३ असार**

सिरहाको नेपाल-भारत सीमा क्षेत्रमा सुरक्षा निगरानी कडा पारिएपछि भन्सार छली गरी ओसारपसार हुँदै गरेका १४ लाख रुपैयाँभन्दा बढी मूल्यका विभिन्न तस्करीका सामान सुरक्षा निकायले बरामद गरेको छ ।

नं. ७ गण मुख्यालय सिरहाका अनुसार २०८३ असार २२ गते जिल्लाका विभिन्न सीमा नाकामा सञ्चालन गरिएको विशेष सुरक्षा तथा चेकजाँच अभियानका क्रममा भारतबाट नेपालतर्फ भित्र्याइँदै तथा नेपालबाट भारततर्फ लैजाँदै गरिएका अन्दाजी रु. १४ लाख ३ हजार ३२६ बराबरका सामान नियन्त्रणमा लिइएको हो । सुरक्षा स्रोतका अनुसार बरामद गरिएका सामानमा मोटरसाइकल, कस्मेटिक सामग्री, पित्तलका भाँडा, मदिरा, विद्युतीय उपकरण, किराना सामग्री तथा डिजेल रहेका छन् ।

ती सामान अवैध रूपमा भन्सार छली गरी ओसारपसार गर्ने प्रयास भइरहेको अवस्थामा विभिन्न स्थानबाट नियन्त्रणमा लिइएको जनाइएको छ । बरामद गरिएका सबै सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित भन्सार कार्यालयमा बुझाउने तयारी भइरहेको सुरक्षा निकायले जनाएको छ । घटनामा संलग्न व्यक्ति तथा तस्करीको सञ्जालबारे थप अनुसन्धानसमेत भइरहेको बताइएको छ ।

नेपाल-भारत खुला सीमाको दुरुपयोग गर्दै हुने अवैध चोरी-पैठारी, राजस्व छलि तथा तस्करी नियन्त्रणका लागि सीमा क्षेत्रमा सुरक्षा व्यवस्था थप सुदृढ बनाइएको नं. ७ गणले जनाएको छ । सुरक्षा निकायका अनुसार आगामी दिनमा पनि सीमा नाकाहरूमा नियमित गस्ती, सघन चेकजाँच र विशेष निगरानी अभियानलाई निरन्तरता दिइनेछ ।

पछिल्ला महिनाहरूमा सीमा क्षेत्रमा सुरक्षा सक्रियता बढेसँगै अवैध रूपमा भित्र्याइने सामान बरामद हुने क्रम पनि बढ्दै गएको छ ।

# रुख काट्ने क्रममा दुर्घटना हुँदा एक जनाको घटनास्थलमै मृत्यु

*बारा* । बाराको सुवर्ण गाउँपालिका-१ कवही गोठमा रुख काट्ने क्रममा दुर्घटना हुँदा एक जनाको घटनास्थलमै मृत्यु भएको छ ।

मृत्यु हुनेमा सुवर्ण गाउँपालिका-१ निवासी चमरटोलका जोखन राम रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार रुख काट्ने क्रममा अचानक रुख ढलेर च्यापिँदा उनको घटनास्थलमै मृत्यु भएको हो । घटनाबारे जानकारी प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थल पुगेको थियो ।

**सूचना ! सूचना !! सूचना !!!**

समयमै विद्युत महशुल तिरी अनावश्यक लाईन काटिने झण्झटबाट बचौं ।

बिद्युत चुहावट नियन्त्रण अभियानमा सहभागी बनौं ।

**नेपाल विद्युत प्राधिकरण**
**जनकपुरधाम (क्याम्पस चौक) वितरण केन्द्र**
**मधेश प्रदेश, धनुषा**

**पर्यटनलाई प्रवर्द्धन गरौ**

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरब मात्र नभई आर्थिक समृद्धिको श्रोत पनि हुन । यसको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो । त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौ । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौ । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौ । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटनहरुसँग मैत्रीपूर्ण व्यवहार गरौ । पर्यटक हाम्रा पाहुना हुन । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौ ।

**मधेश प्रदेश सरकार**
**उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय**
**मधेश प्रदेश, जनकपुरधाम धनुषा**

# अन्तर्राष्ट्रिय शिक्षा : नयाँ नेपालको 'सफ्टवेयर'



-हालको सरकार र कर्मचारीतन्त्रमा अन्तर्राष्ट्रिय शिक्षा र अनुभव भएका व्यक्तिहरूको उपस्थिति उल्लेखनीय छ, जसले नयाँ नेपालको परिकल्पनामा थप बल पुर्याएको छ। शैक्षिक परामर्श क्षेत्रले विद्यार्थीलाई अवसर र सूचना दिन महत्त्वपूर्ण भूमिका खेले पनि पारदर्शिता, गुणस्तर र उत्तरदायित्व कायम गर्न प्रभावकारी नियमन आवश्यक छ। अन्तर्राष्ट्रिय शिक्षा पलायन मात्र होइन, सही व्यवस्थापन भएमा पुनरागमन र देशको पुनर्निर्माणको अवसर पनि बन्न सक्छ।

सार्वजनिक रूपमा उपलब्ध विवरणहरूलाई आधार मान्दा हालको मन्त्रिपरिषद्मा प्रधानमन्त्रीसहित झन्डै आधा सदस्यहरूले कुनै न कुनै तहमा विदेशको शिक्षा वा उच्च अध्ययनको अनुभव लिएको देखिन्छ। स्थायी सरकार मानिने कर्मचारीतन्त्रलाई पनि नियालेर हेर्दा सचिवस्तरसम्म पुगेका धेरै सिनियर अधिकारीहरूले आफ्नो करियरको कुनै बिन्दुमा विदेशको शिक्षा, तालिम वा अन्तर्राष्ट्रिय अभ्यासबाट आफ्नो ज्ञानको दायरा फराकिलो बनाएको प्रमाण भेटिन्छ। यो संयोग मात्र होइन। ज्ञानको संसारमा सीमा हुँदैन। सक्षम नेतृत्वले त्यस सीमाहीन ज्ञानलाई आफ्नो देशको आवश्यकतासँग जोड्न सक्नुपर्छ।

सरकार सञ्चालनलाई उडिरहेको विमानसँग तुलना गर्ने हो भने यसका पाइलट, को-पाइलट र विमान परिचारिका/परिचारकहरूको योग्यता र दक्षताले सुरक्षित उडान र अवतरणमा ठूलो अर्थ राख्छ। अझ विमान चालकले कुन ठाउँबाट प्रशिक्षण लिएका हुन्, कस्ता-कस्ता हवाई मार्गमा विमान उडाएका छन्, कति हजार घण्टाको उडान अनुभव छ- यी सबै पक्ष यात्रुको सुरक्षासँग जोडिन्छन्। त्यसैगरी, एउटा बलियो र प्रमाणित इन्जिनले झैं कर्मचारीतन्त्रले सरकारको दिशानिर्देशलाई निरन्तर पालना गर्दै राज्यको विमानलाई चालु राख्छ। नयाँ नेपालको परिकल्पनालाई साकार रूप दिन नेतृत्वमा रहनुभएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय अध्ययन, अनुभव र सञ्जालले केही मात्रामा थप बल अवश्य पुर्‍याउला।

तर के कुशल चालक र इन्धनले मात्र विमान चलिरहन्छ? उधिनेर हेर्दा इन्धन र फ्लाइट-क्रु जत्तिकै महत्त्वपूर्ण हुन्छ- विमानको सफ्टवेयर। त्यही सफ्टवेयरले टावर, राडार, मौसम सूचना र विमान निर्माता कम्पनीको सञ्चालन ब्लुप्रिन्टसँग निरन्तर तालमेल मिलाउँदै हजारौं यात्रुहरूलाई सुरक्षित यात्रा गराउँछ। मेरो बुझाइमा राज्य सञ्चालनको त्यही महत्त्वपूर्ण सफ्टवेयरचाहिँ शिक्षा हो। त्यसैले त ४० हजार फिटको उचाइमा पनि जहाज 'अटो-पाइलट मोड' मा निर्धक्क उडिरहन सक्छ। नयाँ नेपालको विमानलाई पनि त्यस्तै सफ्टवेयर चाहिन्छ- आधुनिक, अद्यावधिक, विश्वसनीय र विश्वसँग जोडिएको। अन्तर्राष्ट्रिय शिक्षा त्यही सफ्टवेयरलाई अद्यावधिक गर्ने एउटा महत्त्वपूर्ण माध्यम हो। विदेश पढ्न जानु केवल विमानस्थलमा बिदाइको तस्बिर खिच्नु होइन, यो ज्ञान, सीप, अनुशासन, सम्पर्क-सञ्जाल र आत्मविश्वासको नयाँ संसारमा प्रवेश गर्नु हो। निश्चय नै, नेपालबाट ठूलो संख्यामा युवा बाहिरिनु आफैंमा चिन्ताको विषय हो। पुँजी, श्रमशक्ति र सपनाको प्रवाह बाहिरतिर बढेको छ। तर त्यसको कारक शैक्षिक परामर्श संस्था मात्र हुन् भन्ने निष्कर्ष न न्यायपूर्ण छ, न तथ्यसंगत।

विद्यार्थी विदेश जान चाहन्छन्, किनभने उनीहरू अवसर खोजिरहेका छन्। अभिभावकहरूले आफ्ना सन्तानका लागि सुरक्षित, गुणस्तरीय र भविष्य उन्मुख बाटो खोजिरहेका छन्। शैक्षिक परामर्श व्यवसाय त्यही आकांक्षा र विश्व शैक्षिक बजारबीचको पुलका रूपमा उदाएको हो। अहिले नेपालका शैक्षिक परामर्शदाता संस्थाहरूमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा हजारौं नेपालीले रोजगारी पाइरहेका छन्। यी संस्थाहरूले विद्यार्थीलाई विश्वविद्यालय, विषय, शुल्क, छात्रवृत्ति, भिसा प्रक्रिया, भाषा परीक्षा, आवास, स्वास्थ्य बिमा र गन्तव्य देशको प्रारम्भिक जीवनबारे जानकारी दिन्छन्। विश्वका विश्वविद्यालय, अध्यागमन नियम र रोजगारीका प्रवृत्तिहरू दिनदिनै परिवर्तन भइरहेका बेला विद्यार्थी र अभिभावकले भरपर्दो सूचना पाउनु अधिकारकै विषय हो।

यस क्षेत्रमा समस्या छैनन् भन्ने होइन। गलत सूचना दिने, अवास्तविक सपना बेच्ने, शुल्कमा पारदर्शिता नराख्ने वा विद्यार्थीको हितभन्दा संस्थागत लाभलाई मात्र प्राथमिकता दिने प्रवृत्ति जहाँ भए पनि नियन्त्रण हुनुपर्छ। त्यसैले सरकारको नियमन गर्ने पहल स्वागतयोग्य छ। शिक्षा जस्तो संवेदनशील क्षेत्रमा राज्यको उपस्थिति आवश्यक छ। विद्यार्थी संरक्षण, संस्थागत पारदर्शिता, न्यूनतम सेवा मापदण्ड, गुनासो सुनुवाइ प्रणाली र उत्तरदायित्वबिनाको बजार स्वस्थ रहन सक्दैन। तर नियमनको उद्देश्य क्षेत्रलाई शुद्धीकरण गर्ने हो, श्वासप्रश्वास नै रोक्ने होइन। यहींनेर प्रस्तावित नियमावलीबारे गम्भीर बहस आवश्यक छ। यदि नियमावलीले गुणस्तर, पारदर्शिता र जिम्मेवारी बढाउँछ भने यसलाई निजी क्षेत्रले पनि स्वागत गर्नुपर्छ। तर यदि त्यसले इमानदार, व्यवस्थित र लामो समयदेखि काम गरिरहेका संस्थाहरूलाई पनि आर्थिक धरौटी, अनावश्यक प्रशासनिक झन्झट र असमान दायित्वको बोझमा थिच्छ भने त्यसले समाधानभन्दा बढी समस्या जन्माउन सक्छ। धरौटी रकम आफैंमा गुणस्तरको प्रमाण होइन। बैंकमा पैसा जम्मा गर्न सक्ने संस्था सधैं नैतिक हुन्छ भन्ने ग्यारेन्टी हुँदैन र सीमित पुँजीमा इमानदारीपूर्वक काम गर्ने संस्था कम जिम्मेवार हुन्छ भन्ने पनि होइन।

सही नियमनले सोध्नुपर्ने प्रश्न अरू हुन्। परामर्शदाता प्रशिक्षित छन् कि छैनन्? विद्यार्थीलाई लिखित सेवा सम्झौता दिइएको छ कि छैन? शुल्क र सेवा स्पष्ट छन् कि छैनन्? विदेशी विश्वविद्यालयसँगको सम्बन्ध प्रमाणित छ कि छैन? विद्यार्थीलाई गलत आश्वासन दिइएको छ कि छैन? गुनासो आएमा त्यसको समयमै सुनुवाइ हुन्छ कि हुँदैन? संस्थाले वार्षिक रूपमा आफ्नो कामको विवरण, विद्यार्थी गन्तव्य, भिसा नतिजा र गुनासो व्यवस्थापन सार्वजनिक गर्न सक्छ कि सक्दैन? यस्ता सूचकहरूले गुणस्तर मापन गर्छन्। धरौटीले होइन, पारदर्शिताले क्षेत्र सुधार्छ। नेपालले अन्तर्राष्ट्रिय विद्यार्थी ल्याउने सपना पनि देख्नुपर्छ। संसारले नेपाललाई हिमाल, बुद्ध, योग, संस्कृति र प्रकृतिको देशका रूपमा चिन्छ। हामीले बौद्ध दर्शन, पर्वतारोहण अध्ययन, आयुर्वेद, जलवायु परिवर्तन, हिमाली वातावरण, विपद् व्यवस्थापन जस्ता कार्यक्रम विकास गर्न सक्नुपर्छ। त्यसो हुँदा नेपाल विद्यार्थी आउने गन्तव्य पनि बन्न सक्छ। त्यसका लागि अनलाइन आवेदन दिन मिल्ने सहज अध्ययन भिसा, झन्झट रहित प्रक्रिया, अन्तर्राष्ट्रियस्तरको आवास, स्वास्थ्य सुरक्षा, कार्य-अनुभवको अवसर, शैक्षिक अंक स्थानान्तरण र विश्वविद्यालय-उद्योग सहकार्य चाहिन्छ। यस्तो अवस्थामा नेपाली शैक्षिक परामर्श संस्थाहरूले विदेशी विद्यार्थीलाई नेपाल ल्याउने काममा पनि महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्। नयाँ नेपाल बनाउने कुरा हामी सबैको साझा सपना हो। तर नयाँ नेपाल बन्द कोठामा बनेको नीति, डरमा बाँधिएको निजी क्षेत्र र अविश्वासमा चलेको प्रशासनबाट बन्दैन। राज्यले नियमन गर्नुपर्छ, तर सुन्ने कानसहित। निजी क्षेत्रले सेवा दिनुपर्छ, तर आत्मअनुशासनसहित। विद्यार्थीले अवसर खोज्नुपर्छ, तर यथार्थ बुझेर। अभिभावकले सपना देख्नुपर्छ, तर तथ्यका आधारमा। अन्तर्राष्ट्रिय शिक्षा पलायनको कथा मात्र होइन, सही ढंगले व्यवस्थापन गरिए यो पुनरागमन, पुनर्निर्माण र पुनर्जागरणको कथा पनि बन्न सक्छ। शैक्षिक परामर्श क्षेत्रलाई शंकाको नजरले मात्र होइन, सम्भावनाको नजरले पनि हेरौं। पुल कमजोर भयो भने नदी पार गर्न कठिन हुन्छ। तर पुललाई मजबुत बनाउने नाममा त्यही पुल भत्काइयो भने दुवै किनार अझ टाढा हुन्छन्। नयाँ नेपालको यात्रामा शिक्षा हाम्रो सफ्टवेयर हो, अन्तर्राष्ट्रिय शिक्षा त्यसको अपडेट हो र जिम्मेवार शैक्षिक परामर्श सेवा त्यस 'अपडेट' सम्म पुग्ने आवश्यक 'कनेक्टिभिटी' हो।

साभार : कान्तिपुर।


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"






सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला


# कमला नहरबाट सिँचाइ सुविधा पुगेको क्षेत्रका किसान धमाधम धान रोपाइँमा

जलेश्वरटुडे समाचारदाता
धनुषा, २३ असार



मधेस प्रदेशका अधिकांश स्थानका किसान धान रोप्न वर्षाको प्रतीक्षा गरिरहेका बेला धनुषा र सिरहामा कमला नहरबाट सिँचाइ सुविधा पुगेको क्षेत्रका किसान भने धमाधम धान रोपाइँमा जुटेका छन्। धनुषाको पोर्ताहामा रहेको कमला सिँचाइ व्यवस्थापन कार्यालयले कमला सिँचाइ नहरमा पानी प्रवाह गरेपछि त्यस क्षेत्रका किसान धान रोपाइँमा जुटेका हुन्।

कमला सिँचाइ व्यवस्थापन कार्यालयले असार १३ गतेदेखि नै धनुषातर्फको पश्चिमी नहर र सिरहातर्फको पूर्वी नहरमा सिँचाइका लागि पानी प्रवाह गर्दै आएको छ। कमला सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख रणधीरकुमार साहले विगतमा प्रत्येक वर्ष साउन १ गतेदेखि मात्र नहर सञ्चालन गर्ने गरिएको भए पनि किसानको आवश्यकतालाई ध्यानमा राख्दै समयअगावै नहरमा पानी प्रवाह गरिएको बताउनुभयो। उहाँका अनुसार धनुषाको पश्चिमी नहरबाट १२ हजार पाँच सय हेक्टर र सिरहाको पूर्वी नहरबाट १२ हजार पाँच सय हेक्टर गरी २५ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। पछिल्ला वर्षमा साना पैनी र सहायक नहरको विस्तारपछि अहिले करिब ३० हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको उहाँले जानकारी दिनुभयो। धनुषातर्फ पश्चिमी नहर प्रणालीमार्फत गणेशमान चारनाथ, सबैला, सहिदनगर, विदेह, कमला, हँसपुर, औरही र जनकनन्दनी गरी आठ स्थानीय तहमा सिँचाइ सुविधा पुगेको छ। यस्तै सिरहातर्फ पूर्वी नहर प्रणालीमार्फत कर्जन्हा, मिर्चैया, कल्याणपुर, सिरहा र औरही गरी आठ स्थानीय तहमा सिँचाइ सुविधा उपलब्ध रहेको छ। आयोजना अन्तर्गत दुवै जिल्लामा मुख्य तथा सहायक नहर गरी पाँच सय किलोमिटरमा नहर सञ्जाल विस्तार रहेको कार्यालय प्रमुख साहको भनाइ छ। कार्यालय प्रमुख साहले दुवै मुख्य नहरमा समान रूपमा प्रतिसेकेन्ड १४ हजार लिटरका दरले पानी प्रवाह भइरहेको बताउनुभयो।


सूचना। सूचना।। सूचना।।।

आफ्नो व्यापार, व्यवसाय, उद्योग, कल-कारखाना, फर्म आदीलाई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गराई मात्र संचालन गरौं। राज्यप्रति ईमान्दारीता देखाऔं र ईमान्दार व्यक्तिको परिचय दिऔं।

घरेलु तथा साना उद्योग कार्यालय
जलेश्वर महोत्तरी, मधेश प्रदेश



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday